## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) को US Chapter स्थापना :

आफ्नो अन्तराष्ट्रिय उपस्थिति जनाई विदेश स्थित आफ्ना सदस्यहरुलाई सेवा पुऱ्याउने निरन्तरको प्रयासको सफलता स्वरुप संयुक्त राज्य अमेरिकाको भर्जिनियामा मिति २०७४ चैत्र १० गते आयोजित एक विशेष समारोहका बीच ICAN ले आफ्नो दोस्रो बैदेशिक च्याप्टरको रुपमा US Chapter को स्थापना गरेको छ। संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले उक्त च्याप्टरको उद्घाटन गर्दै संस्थाको गतिविधि, नयाँ थालनी र वैदेशिक च्याप्टरको उद्देश्य माथि प्रकाश पार्नुभयो।




Chapter स्थापना गर्नुको उद्देश्य विदेशमा रहेका आफ्ना सदस्यलाई सेवा पुऱ्याउनको साथै सदस्यहरुलाई भेटघाट गर्ने, व्यावसायिक विषयहरुमा छलफल तथा बहस गर्ने, विशेषज्ञता आदान प्रदान गर्ने, CPD तालिम आयोजना गर्ने, विदेश स्थित सदस्यहरु र संस्थाबीच सम्पर्क बिन्दुको कायम गर्ने र व्यावसायिक हितका अन्य कार्यहरु गर्नलाई मद्धत पुऱ्याउनु रहेको छ।

संस्थाको प्रतिनिधित्व गर्दै कार्यक्रमलाई सम्बोधन गर्नुहुनेहरुमा संस्थाका निवर्तमान अध्यक्ष सिए. महेश खनाल, पुर्व अध्यक्ष सिए. प्रकाश लम्साल र परिषद सदस्य आरए. सूर्य प्रसाद अधिकारी हुनुहुन्थ्यो भने सम्बोधन गर्ने अन्य व्यक्तित्वहरुमा अमेरिका स्थित नेपाली राजदुतावासका आर्थिक परामर्शदाता श्री कृष्ण राज पोखेल, आइफ्याकका (IFAC) वरिष्ठ निर्देशक श्री गेरी लुग्रथ, नेपाल सरकार अर्थ मन्त्रालयका उपसचिव श्री प्रेम उपाध्याय, अमेरिकी सरकारका वरिष्ठ अधिकारी श्री खेम शर्मा, अमेरिकी चार्टर्ड एकाउन्टेन्ट्स संघ डिसि च्याप्टरका अध्यक्ष श्री डेभिड फिम्यान हुनुहुन्थ्यो। US Chapter का अन्तरिम संयोजक सिए. गणेश बाँनियाले स्वागत मन्तव्य दिनुभएको थियो भने सदस्य सिए. नय राज

बराललेे धन्यवाद ज्ञापन गर्नुभएको थियो र सिए. नमिशा भट्टराईले कार्यक्रमको उद्घोषण गर्नुभएको थियो । यस कार्यक्रममा गैर आवासीय नेपाली संघ तथा अन्य सामाजिक संस्थाका अगुवा व्यक्तित्वहरु, आइक्यानका US मा रहेका सदस्यहरु र अन्य व्यावसायिक व्यक्तित्वहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

ICAN ले आफ्नो प्रथम वैदेशिक च्याप्टरको रुपमा मिति २०७४ साल फाल्गुन २३ गते अस्ट्रेलियाको सिड्नीमा आयोजित एक विशेष समारोहका बीच Australian Chapter को स्थापना गरेको थियो ।